दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ५४ | बुटवल | २०८१ फागुन ०५, गते सोमबार | नेपाल संवत ११४५ | Monday Feb. 17, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## गिरीबन्धुको फैसला कार्यान्वयन नगर्नुको कारण पेस गर्न आदेश

**लुम्बिनी संवाददाता**

*बुटवल*

सर्वोच्च अदालतले गिरीबन्धु टि-स्टेट्ससम्बन्धी फैसला कार्यान्वयन नगर्नुको कारण पेस गर्न प्रधानमन्त्री एवं भूमिव्यवस्था मन्त्रीको नाममा आदेश जारी गरेको छ।

न्यायाधीशहरू शारङ्गा सुवेदी र नित्यानन्द पाण्डेयको इजलासले गिरीबन्धु टि-स्टेट्ससम्बन्धी मुद्दाको फैसला कार्यान्वयन नभएकोमा किन अवहेलनाको कारबाही नगर्ने भनी प्रधानमन्त्री केपी शर्मा ओली र भूमी व्यवस्था मन्त्री बलराम अधिकारीका नाममा कारण देखाउ आदेश जारी गरेको हो।

अधिवक्ता ओमप्रकाश अर्यालले माघ २९ गते प्रधानमन्त्री ओलीसमेतलाई विपक्षी बनाउँदै अदालतको अवहेलना मुद्दा दायर गरेका थिए।

अर्यालले इजलासमा आफ्नो निवेदन संवैधानिक इजलासबाट जारी भएको परमादेश कार्यान्वयनमा अवरोध गरिएको विषयमा रहेकाले सुनुवाइ पनि सोही इजलासमा हुनु उचित हुने माग गरेका थिए।

निवेदनमा भूमिसम्बन्धी अध्यादेश ल्याएर सर्वोच्च अदालतको परमादेश कार्यान्वयनमा अवरोध गरेको आरोप लगाइएको छ।

सर्वोच्च कार्यकारी अधिकारको कपटपूर्ण प्रयोग गरी संवैधानिक प्रणालीप्रति विश्वासघात गरेको भन्दै प्रधानमन्त्री ओली पदमुक्त हुन सक्ने गरी आदेश दिन पनि निवेदक अर्यालको माग छ।

अधिवक्ता अर्यालले सर्वोच्चको संवैधानिक इजलासबाट गत वर्ष माघ २४ मा जारी भएको परमादेशको कार्यान्वयनमा प्रधानमन्त्री ओलीले अनवरत रूपमा अवरोध सिर्जना गरेको निवेदनमा उल्लेख गरेका छन्।

सर्वोच्चले हदबन्दी छुट प्रदान गर्दाको अवस्थामा उल्लेख गरिएको सर्तबमोजिमको प्रयोजनमा जग्गाको प्रयोग वा उपयोग नगरी फरक प्रयोजनमा भए वा जग्गा खाली (बाँझो) राखिएको अवस्थाका जग्गाको पहिचान गरी तत्काल र अनिवार्य रूपमा सो हदबन्दीभन्दा बढी देखिएको जग्गा भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम नेपाल सरकारको नाममा प्राप्त गर्न गराउन परमादेश जारी गरेको थियो।

साथै, हदबन्दीभन्दा बढी देखिएको र चिया उद्योगको काममा उपयोगमा नरहेको गिरीबन्धु टी स्टेट प्रालिका नाममा रहेको झापाको जग्गा भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम नेपाल सरकारका नाममा प्राप्त गर्न गराउन पनि सर्वोच्चको परमादेशमा उल्लेख गरेको थियो।

उक्त परमादेश कार्यान्वयन गर्न मुख्य भूमिका खेल्नुपर्ने प्रधानमन्त्री र भूमि व्यवस्था मन्त्रीले नै अनवरत रूपमा अवरोध गरिरहेको र पछिल्लोपल्ट अध्यादेश ल्याएर थप अवरोध पुऱ्याउने काम गरेको निवेदक अर्यालको आरोप छ।

'सम्मानित सर्वोच्च अदालत, संवैधानिक इजलासबाट




परमादेश कार्यान्वयनमा विगत कम्तीमा ७ महिनादेखि अनवरत रुपमा अवरोध गर्दै आउनु भएको छ,' निवेदनमा उनले लेखेका छन्-'यसैबिच निज सम्माननीय प्रधानमन्त्रीज्यू तथा माननीय मन्त्रीज्यूको प्रत्यक्ष पहल तथा संलग्नतामा २०८१।१०।२ मा सम्माननीय राष्ट्रपतिज्यूमार्फत् कपटपूर्ण अध्यादेश जारी समेत गराई फैसलाको प्रकरण नं. ३० मा उल्लिखित परमादेशको अवज्ञा गरी, गर्न लगाई सोको कार्यान्वयन नगर्ने, गर्न नदिने तथा प्रत्यक्ष अवरोध सृजना गर्ने गरी सर्वथा अनुचित, गैरकानुनी तथा गैरसंवैधानिक कार्य भएको छ। नेपाल सरकारको नाममा प्राप्त गर्नुपर्ने अवस्थाका हदबन्दी छुटका जग्गासमेत बिक्री गरी निजीरूपमा हक हस्तान्तरण गर्न पाउने व्यवस्था गर्दा फैसलाको अवज्ञा भएको छ। उक्त कार्य प्रथम दृष्टिबाटै अदालतको अवहेलनायुक्त कसुरजन्य रहेको स्पष्ट देखिन्छ।'

परमादेशसहितको फैसलाको पूर्ण पाठको जानकारी पाइसकेको अवस्थामा सोको कार्यान्वयन गरी गराई सम्मानित सर्वोच्च अदालतलाई जानकारी गराउनुपर्नेमा त्यसको विपरीत बद्नियतपूर्वक फैसलाको अवज्ञा गरेको, फैसला कार्यान्वयन हुन नदिएको र फैसला कार्यान्वयनमा अवरोध गरिरहेको पनि निवेदनमा उल्लेख छ।

'सर्वोच्च अदालतको फैसलाबमोजिम नेपाल सरकारको नाममा फिर्ता ल्याउनुपर्ने भनिएका जग्गा फिर्ता गरी नल्याइएको र सर्वोच्च कार्यकारी अधिकारको दुरुपयोग गरी सर्वोच्च अदालतको फैसलाबमोजिम फिर्ता ल्याउने प्रक्रियामा अवरोध गरिएको तथ्य विद्यमान छ। यस कार्यले न्यायपालिकाको औचित्यमाथिसमेत गम्भीर चुनौती दिएको प्रतीत हुन्छ,' निवेदकको जिकिर छ।

फैसला कार्यान्वयनमा बदनियतपूर्वक प्रत्यक्ष अवरोध गरेको, संवैधानिक इजलासको फैसला अवज्ञा गरेको तथा राज्यको सर्वोच्च कार्यकारी अधिकारको कपटपूर्ण प्रयोग गरी संवैधानिक प्रणालीप्रति विश्वासघात गरेको आधारमा अदालतको अवहेलनामा संलग्न कसुरदार पदमुक्त हुन सक्ने गरी वा यससम्बन्धी दण्डहीनताको रोकथाम तथा अन्त्य हुन सक्ने गरी न्यायिक आदेश वा टिप्पणी गर्नसमेत निवेदनमा माग गरिएको छ।

प्रधानमन्त्री र मन्त्रीको यो कार्य सर्वथा अनुचित, गैरकानुनी तथा गैरसंवैधानिक मात्र नभई प्रथम दृष्टिबाटै अदालतको अवहेलनायुक्त र कसुरजन्य रहेको निवेदक अर्यालको दाबी छ।

अधिवक्ता अर्याल संवैधानिक कानुन व्यवसायी मञ्चका अध्यक्ष पनि हुन्। यसअघि गिरीबन्धुको हदबन्दी छुटको जग्गा प्रकरणको रिट पनि अर्यालले नै दायर गरेका थिए।

हदबन्दी छुटमा पाएको जग्गा त्यही काममा उपयोग नभएको भेटिए सरकारको नाममा प्राप्त गरेर अदालतलाई जानकारी गराउनुपर्ने भनी त्यतिबेला संवैधानिक इजलासको आदेश थियो। त्यसविपरीत अध्यादेश ल्याएकोमा अधिवक्ता अर्यालले प्रश्न उठाएका हुन्।

## प्रधानमन्त्री आज लुम्बिनी प्रदेशसभा बैठकमा बोल्ने



दाङ। प्रधानमन्त्री केपी शर्मा ओलीले आज सोमबार लुम्बिनी प्रदेशसभाको बैठकलाई विशेष सम्बोधन गर्ने कार्यक्रम रहेको छ। बैठकलाई प्रधानमन्त्री ओलीले विशेष सम्बोधन गर्ने लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बताए। प्रधानमन्त्रीको आगमन र सम्बोधनको सम्पूर्ण तयारी पूरा भएको प्रदेशसभा सचिव दुर्लभकुमार पुन मगरले जानकारी दिए। बिहान साढे ११ बजे प्रदेशसभाको बैठकलाई प्रधानमन्त्रीले विशेष सम्बोधन गर्नेगरी बैठक बस्ने कार्यसूची तयार भएको छ।

लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्ती मगरले मुख्यमन्त्री चेतनारायण आचार्यमार्फत् प्रधानमन्त्री केपी शर्मा ओलीलाई विशेष सम्बोधनकालागि निमन्त्रणा गरेका थिए। लुम्बिनी प्रदेशसभा नियमावली, २०७९ को नियम २२० को उपनियम (२) बमोजिम निमन्त्रणा गरिएको थियो।

प्रधानमन्त्री ओली नेकपा एमाले दाङको आयोजनामा आजै घोराहीमा हुने बृहत् जनसभामा सम्बोधन गर्न दाङ आउन लागेका हुन्।

## ढुंगाले च्यापेर छात्राको मृत्यु

गुल्मी। गुल्मीमा विद्यालय हिँडेकी बालिकाको ढुङ्गाले च्यापेर ज्यान गएको छ। जिल्लाको इस्मा गाउँपालिका-२ टारमा बाटो खन्ने जेसीबीले पल्टाएको ढुङ्गाले ८ वर्षीया बालिका विष्णु कुमालको ज्यान गएको प्रहरीले जनाएको छ।

छल्दीबाट हस्तीचौर जाने भित्री कच्ची सडक खन्ने क्रममा श्रेष्ठ कन्स्ट्रक्सनको जेसीबीले पल्टाएको ढुंगा लागेर पालुखा माविमा अध्ययनरत बालिकाको ज्यान गएको हो। जेसीबी चालक मकवानपुर इन्द्रचौर गाउँपालिका- ४ सिस्नेरीका ३६ वर्षीय राजेश रेग्मीलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

स्कुल समयमा पनि जेसीबी चलेको र घाइते छोरीको समयमै उद्धार नभएको भन्दै बुबा ज्ञानबहादुर कुमालले आक्रोश पोखे। बालिकाको शव गुल्मी अस्पतालमा राखिएको छ।

## प्रत्यक्ष वैदेशिक लगानीमा सुधार

बुटवल। प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) प्रतिबद्धतामा सुधार देखिएको छ। उद्योग विभागका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ को ७ महिना (साउन-माघ)सम्म २६ अर्ब ८४ करोड १७ लाख ३३ हजार ४ सय रुपैयाँ बराबरको एफडीआई स्वीकृत भएको छ।

यो गत आर्थिक वर्षको माघ मसान्तसम्मको तुलनामा ४ अर्ब १४ करोड २ लाख रुपैयाँले धेरै हो। गत आर्थिक वर्षमा माघ मसान्तसम्म २२ अर्ब ६८ करोड १५ लाख रुपैयाँ बराबर एफडीआई स्वीकृत भएको तथ्यांकमा देखिन्छ।

यस वर्ष अटोमेटिक रुटबाट २ अर्ब ६२ करोड ८२ लाख रुपैयाँ र अप्रुभल रुटबाट २४ अर्ब २१ करोड ३४ लाख रुपैयाँ बराबरको एफडीआई स्वीकृत भएको छ। यससँगै अहिलेसम्म कुल ५ खर्ब ४६ अर्ब ६० करोड रुपैयाँ बराबरको एफडीआई स्वीकृत गरिएको विभागले जनाएको छ।

यसवर्ष माघ महिनामा मात्र १ अर्ब ६ करोड ५२ लाख ४५ हजार रुपैयाँ बराबरको लगानी स्वीकृत भएको देखिन्छ।

तथ्यांक अनुसार यस वर्ष दर्ता हुने नयाँ उद्योगको संख्यामै उल्लेख्य वृद्धि देखिन्छ। ७ महिनामा ३८६ उद्योग दर्ता भएको देखिन्छ। यसरी दर्ता भएका उद्योगमध्ये १७५ उद्योग अटोमेटिक रुटबाट र ३८६ उद्योग अप्रुभल रुटबाट दर्ता भएका हुन्।

यससँगै अहिलेसम्म प्रत्यक्ष वैदेशिक लगानीमा ६ हजार ७८५ उद्योग दर्ता भएको विभागको तथ्यांक छ। गत आवको माघ मसान्तसम्म २४१ उद्योग दर्ता भएको देखिन्छ।

तथ्यांक अनुसार यस वर्ष साना उद्योगमा अधिक आकर्षण देखिएको छ। माघ मसान्तसम्म ३७५ साना उद्योगमा लगानी प्रतिवद्धत आएको विभागले जनाएको छ। मझौला उद्योगमा ७ र ४ मात्र ठूला उद्योगमा लगानी प्रतिबद्धता आएको तथ्यांक छ। गत वर्ष यसै अवधिमा १२ मझौला उद्योग दर्ता भएको देखिएको थियो। यस वर्ष लगानी सानोमा केन्द्रित छ।

यस वर्षको लगानी प्रतिबद्धता हेर्दा पर्यटन र सूचना प्रविधिसँग सम्बन्धित क्षेत्रमा लगानी बढी केन्द्रित देखिएको छ। तथ्याङ्क अनुसार माघसम्म १६८ उद्योग पर्यटनसँग सम्बन्धित छन्। १३४ उद्योग सूचना प्रविधिसँग सम्बन्धित छन्। सेवा क्षेत्रमा ४८ वटा उद्योत दर्ता भएको देखिएको छ।

उत्पादनमा २७, कृषिमा ६, उद्योगमा २ र ऊर्जामा १ उद्योगमा लगानी प्रतिवद्धता आएको तथ्यांक छ। रकमको हिसाबले पर्यटनमा १७ अर्ब रुपैयाँ बराबरको लगानी प्रतिबद्धता आएको छ।

संख्यामा धेरै भए पनि आइसीटीमा लगानी प्रतिबद्धता भने मात्र ८० करोड ६ लाख रुपैयाँ बराबर देखिन्छ। दोस्रो ठूलो प्रतिबद्धता सेवा क्षेत्रमा ५ अर्ब ६९ करोड रुपैयाँ बराबरको देखिएको छ।

## आफ्नो उत्पादन आफ्नै गाडीमा




**कृष्ण पोखरेल**

*पाल्पा*

पाल्पा मदनपोखराका किसानहरु तरकारी खेतीबाटै आफ्नो पहिचान बनाएका छन्। तरकारी खेती नै मदनपोखरेली किसानको प्रमुख आम्दानीको श्रोत हो। बारीमा उत्पादन भएको तरकारी आफ्नै गाडीमा राखेर बेच्ने अवस्थामा पुगेका छन्, मदनपोखराका किसान। पाल्पा रुपन्देही, कपिलवस्तु र नवलपरासीदेखि भारतको गोरखपुरसम्म पाल्पा मदनपोखराको तरकारी ब्राण्ड नै बनेको छ। यी क्षेत्रका अधिकांश व्यापारीहरुले आज पनि पाल्पाको मदनपोखराको तरकारी भन्दै बिक्री गर्ने गरेका छन्। पाल्पाको मदनपोखरा कृषिक्रान्तिमा नेपालकै नमूनाको रुपमा परिचित छ।

तीन पुस्तादेखि कृषी उत्पादनमा लागेका मदनपोखरेली किसानहरुलाई व्यवसायिक, प्रविधिमैत्री, बिउबिजनमा आत्मनिर्भर बनाउने अभियानका साथ मदनपोखरा संगम बहुउद्देशियय सहकारी संस्थाको आयोजना तथा तानसेन नगरपालिका वडा नं. ९ को प्रवर्द्धनात्मक सहयोगमा कृषि मेला गरेको छ।

'कृषि उत्पादन बढाऔं परनिर्भरताको अन्त गरौं' भन्ने अभियानका साथ सञ्चालन गरिएको कृषि मेलामा तानसेन नगरपालिका, बगनासकाली गाउँपालिका र माथागढी गाउँपालिकाका सयौ किसानहरु कृषि मेलामा सहभागी भई उत्पादनहरुको प्रतिस्पर्धा तथा नयाँ-नयाँ कृषिप्रविधि, नयाँ-नयाँ बाली बिउबिजनको बारेमा अवलोकन तथा जानकारी लिएका छन्।

कृषि मेला प्रदर्शनीले किसानलाई कृषिमा प्रोत्साहन गर्न सहयोग मिलेको मेलामा सहभागी किसान उमा अर्यालले बताइन। सहभागी किसानले उत्पादनमा आधारित, ढुवानी अनुदान, बजारीकरणमा सहजीकरण, प्राविधिक सहयोगमा वृद्धि, स्थानीयस्तरमै माटो हावापानी सुहाउँदो बिउबिजन उत्पादनको लागि तीनतहकै सरकारको सहयोग जरुरी रहेको मदनपोखराका अगुवा कृषक प्रेमराज पंगेनीले बताए।

कृषि मेलामा कृषकले उत्पादन गरेका प्रतियोगितात्मक कृषि प्रदर्शनी, रैथाने बाली प्रदर्शनी, प्रतियोगितात्मक बाख्रा, कुखुरा प्रदर्शनी, कृषि यन्त्रउपकरण प्रदर्शनी, बीउबिजन प्रदर्शनी तथा बिक्रीवितरण गरिएको मदनपोखरा संगम बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष घनश्याम घिमिरेले बताए। प्रदर्शनीमा नर्सरी बिरुवा बिक्रीवितरण, कृषि परिकारहरुको स्टल, प्लान्ट क्लिनिक, जैविक मलप्रदर्शन र माटो परीक्षण गरिएको थियो।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# पोखरा दुर्घटनाले सिकाएको पाठ

पोखरा भ्रमण वर्षको उद्घाटन कार्यक्रममा हाइड्रोजन भरेको बेलुनमा आगलागी हुँदा उप-प्रधान तथा अर्थमन्त्री विष्णु पौडेल र पोखरा उप-महानगरपालिकाका प्रमुख धनराज आचार्य घाइते भएको घटनाले औपचारिक कार्यक्रममा सुरक्षा संवेदनशिलता अपनाउनुपर्ने पाठ सिकाएको छ।

सन् २०२५ मा पोखरामा २५ लाख पर्यटक ल्याउने योजनासहित उद्घाटन भएको पोखरा भ्रमण वर्ष कार्यक्रम जति तडकभडक थियो, सुरक्षात्मक उपाय पटक्कै अवलम्बन गरिएको थिएन् । हाइड्रोजन ग्याँस छिटो बल्ने र जोखिम निम्त्याउँछ भन्ने पटक्कै हेक्का नराख्नु आयोजकको कमजोरी हो । यस्ता कार्यक्रममा हाइड्रोजन हिलियम ग्याँस र तातो हावा भरिदै आएकोमा पोखरामा हाइड्रोजन ग्याँस मात्रै किन भरियो ? अब यो प्रश्नको उत्तर खोज्नुपर्छ । सरकारले पोखरा दुर्घटनाको सत्य तथ्य खोज्न विज्ञसहितलाई राखेर कास्कीका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा छानवीन समिति गठन गरेको छ । समितिलाई १५ दिनभित्र प्रतिवेदन तयार गर्न जिम्मेवारी दिइएको छ । औपचारिक घोषणा तथा यस्ता कार्यक्रमहरूमा फायर क्यान्डर बाल्दा नजिकै हाइड्रोजन भरिएको बेलुन जोखिम हुन्छ भन्ने हेक्का कसैले राखेन् । आगोको झिल्का बेलुनमा ठोक्किदा आगलागी भयो, बेलुन फड्क्यो । अहिले जे क्षति भयो, यो क्षतिले आगामी दिनमा फायर क्याण्डल र हाइड्रोजन भरिएको बेलुन प्रयोगमा नियन्त्रण लगाउनुपर्ने स्थिति श्रृजना भएको छ।

यो घटनाबाट पाठ सिकेर अघि नबढ्ने हो भने आगामी दिनमा दुर्घटना अझैं बढ्ने जोखिम छ। अहिले हरेक घरमा जन्म दिनलगायत हरेक उत्सवमा फायर क्याण्डल प्रयोग गर्ने चलन छ । पहिले दियो बालिथ्यो, फूलको प्रयोग हुन्थ्यो । समय फेरिएसँगै आयातित संस्कृति हावी भयो। आयातित संस्कृतिको जोखिम पटक्कै ख्याल गरिएन् ।

कीर्तिपुर बर्न अस्पतालको सघन कक्षमा राखेर दुवैको उपचार चलिरहेको र शरीरको ५, ६ प्रतिशत भागमा जलन रहेको भन्दै उच्च निगरानीमा राखिएको छ। अनुहारका विभिन्न भाग जलेकाले फोक्सोमा असर पुग्न सक्ने जोखिमलाई मध्यनजर गर्दै उच्च निगरानीमा राखेर उपचार भइरहेको अस्पतालले जनाएको छ। यद्यपी जलन गहिरो नभएकोले अवस्था जोखिममुक्त रहेको डाक्टरहरुको भनाइ छ। दुर्घटना अप्रत्याशित र कहालीलाग्दो तथा ठूलो क्षति गराउने खालको हो। ठूलो क्षति गराउने दुर्घटना भए पनि अहिलेको क्षति न्यून भएको भन्दै केही दिनमै बिर्सने प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक छ। यो घटनाबाट हतास भएर होइन्, अब यस्ता सार्वजनिक कार्यक्रममा के-के विषयमा ध्यान दिने ? के गर्ने ? के नगर्ने ? बारेमा गृहमन्त्रालयले निर्देशिका बनाएर कार्यान्वयन गर्नुपर्छ।

# नेप्से परिसूचकमा १९ अङ्कको वृद्धि



काठमाडौँ । साताको पहिलो कारोबारको दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको वृद्धि देखिएको छ । नेप्से परिसूचक १९ दशमलव ५६ अङ्कले बढेर दुई हजार छ सय ९८ दशमलव ०३ को विन्दुमा कायम भएको हो ।

तीन सय नौ कम्पनीको दुई करोड नौ लाख ८४ हजार चार सय ४० कित्ता शेयर ९६ हजार दुई सय ८२ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब ४७ करोड तीन लाख आठ हजार दुई सय ६६ बराबरको कारोबार भएको छ।

कारोबारमा म्युचुअल फन्ड शून्य दशमलव ११ र निर्जीवन बिमा एक दशमलव २८ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । वित्त समूह सबैभन्दा धेरै चार दशमलव ९४ प्रतिशतले बढेको छ । बैंकिङ शून्य दशमलव ९८, विकास बैंक शून्य दशमलव ०८, होटल तथा पर्यटन एक दशमलव ९५ र जलविद्युत् शून्य दशमलव ३६ प्रतिशतले बढेको छ। त्यस्तै, लगानी एक दशमलव १७, जीवन बीमा शून्य दशमलव ३९, उत्पादन तथा प्रशोधन शून्य दशमलव २०, लघुवित्त एक दशमलव ८६, व्यापार शून्य दशमलव २५ र अन्य समूह शून्य दशमलव ३८ प्रतिशतले बढेको छ।

विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड, जानकी फाइनान्स कम्पनी लिमिटेड, नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने न्यादी हाईड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु ३३ करोड ५४ लाख ७५ हजार एक सय २९ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै एनआइबिएल स्टेबल फन्डको सात लाख ११ हजार तीन यस ८४ कित्ता शेयर किनबेच भएको छ।

# ग्रामीण विकासमा क्षेत्र विकास पहुँचको आवश्यकता तथा महत्व



गम्भीरबहादुर हाडा

ग्रामीण विकासको अर्थ ग्रामीण क्षेत्रको समग्र विकाससँग जोडिएको छ । जसमा ग्रामीण जनताको जीवनस्तरमा सुधार ल्याउने कुराले प्राथमिकता पाउँछ। यसर्थ, ग्रामीण विकास भनेको बहुआयामिक धारणा हो। विशुद्ध रूपमा भन्नुपर्दा ग्रामीण विकासले कृषि, कृषिसँग सरोकार राख्ने क्रियाकलाप र सामाजिक सुविधा, मानव संसाधनको विकासजस्ता ग्रामीण समुदायको सरोकारका विषयलाई समेट्छ। घटनाक्रमका रूपमा ग्रामीण विकास ग्रामीण क्षेत्रमा रहेका भौतिक, वातावरणीय, प्राविधिक, आर्थिक, सामाजिक र संस्थागत पक्षको अन्तर्क्रिया हो। ग्रामीण विकास ग्रामीण जनताको जीवनमा सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तन ल्याउन तय गरिएको अवधारणा हो । ग्रामीण विकासलाई ग्रामीण गरिबीको आर्थिक, सामाजिक विकास गर्न तय गरिएको एउटा रणनीतिको रूपमा लिन सकिन्छ। यसले ग्रामीण क्षेत्रमा बसोबास गर्ने न्यून आय भएका मानिसका जीवनस्तरमा सुधार ल्याउने उद्देश्य राखेको हुन्छ। साथसाथै आधारभूत रूपमा नै यसले सामाजिक, आर्थिक परिवर्तनका प्रक्रिया अगाडि बढाइएको हुन्छ। जसमा समुदायका हरेक पक्षमा सुधार ल्याउन लक्षित गरिएका सम्पूर्ण क्रियाकलाप समेटिएका हुन्छन् । ग्रामीण विकासलाई भिन्नाभिन्नै परिस्थितिमा भिन्नाभिन्नै तरिकाले विश्लेषण गर्न सकिन्छ।

अल्पविकसित मुलुकको सन्दर्भमा ग्रामीण विकासले राष्ट्रिय विकासको मापन गर्छ, त्यसैले ग्रामीण विकासलाई राष्ट्रिय विकासको केन्द्रविन्दु मानिन्छ । ग्रामीण विकासलाई कसैकसैले कृषि क्षेत्रको विकास पनि भन्ने गरेका छन् । तर, कृषि क्षेत्रको विकासबाट मात्रै ग्रामीण विकासले पूर्णता पाउँदैन । किनकि, ग्रामीण विकासको अवधारणा कृषिको विकास मात्रै भन्दा व्यापक र विस्तृत छ। कृषि विकासअन्तर्गतको परम्परागत एवं निर्वाहमुखी कृषि प्रणालीको रूपान्तरणमा जोड दिइएको हुन्छ। जसमा कृषकका लागि आवश्यक पर्ने ज्ञान, सीप र क्षमताको विस्तारमा लगानी, सिँचाइ, उन्नत बीउबीजन र मलको प्रबन्धमा जोड दिइन्छ। त्यसैगरी, आधुनिकीकरणका लागि आवश्यक पर्ने देश, काल, परिस्थिति सुहाउँदो प्रविधिको विकास र विस्तारसाथै सहुलियतपूर्ण ऋणको उपलब्धतालाई जोड दिएको छ । यसबाहेक जो किसानको हात माटोसँग जोडिएको छ, तिनीहरूका लागि कृषिउपज बिक्री गर्ने राम्रो बजार र लगानीअनुसारको प्रतिफलको आशा कृषि विकासले गरेको हुन्छ । त्यसैले कृषि क्षेत्रको विकास ग्रामीण विकासको मुटु मात्र हो । यसबाहेक साना तथा घरेलु उद्योगको विकास, सामाजिक विकास, पूर्वाधार विकासजस्ता पक्षले ग्रामीण क्षेत्र र त्यहाँका बासिन्दाको जीवनस्तर उठाउन ठूलो भूमिका निर्वाह गरेको हुन्छ। त्यसैले कृषि क्षेत्रको विकास हुँदैमा ग्रामीण विकास हुन्छ भन्नु संकुचित विचार मात्रै हो।

**क्षेत्र विकास पहुँचको अवधारणा**

साधारणतया क्षेत्र विकास पहुँचलाई बुझ्नका लागि 'क्षेत्र विकास योजना' लाई बुझ्न जरुरी हुन्छ। सामान्यतः क्षेत्र विकास योजना निश्चित क्षेत्र तथा स्थानीय क्षेत्रको पर्यायको रूपमा स्थापित भएको अर्थात् प्रयोग भएको पाइन्छ । त्यसैले क्षेत्र विकास पहुँच भनेको स्थानीय तहमा एउटा निश्चित क्षेत्रमा गरिने विकासको अवधारणा भनेर बुझ्न सकिन्छ । यो अवधारणा अन्य विकास अवधारणाभन्दा पृथक् रहेको पाइन्छ किनकि अन्य विकासका अवधारणाले सामान्यतया ग्रामीण क्षेत्रमा आर्थिक क्षेत्रको अभिवृद्धिका लागि निश्चित क्षेत्रमा निश्चित वर्गलाई ध्यान पुऱ्याउने, निश्चित सेवा पुऱ्याउनका लागि छुट्टै गाउँस्तर तथा जिल्लास्तरमा योजना बनाउने तथा गरिबी निवारणका लागि निश्चित समूह तथा समुदायका लागि योजना बनाउने गर्छ। तर, क्षेत्र विकास पहुँचले ठीक त्यसविपरीत निम्नबमोजिम तरिकाले ग्रामीण क्षेत्रको तथा निश्चित स्थानीय तहको विकासका खातिर योजना बनाउँछ जो निम्नबमोजिम छ :

सम्पूर्ण क्षेत्रलाई एउटा एकाइको रूपमा लिई आर्थिक विकासका क्रियाकलापलाई बहुआयामिक ढंगले सञ्चालन गरिन्छ।

यो अवधारणाको मुख्य उद्देश्य सम्पूर्ण क्षेत्रको समग्र आर्थिक अवस्थाको सुधार गर्नु हो।

साथै यो अवधारणाअन्तर्गत सञ्चालन गरिएका योजनाहरूको अन्तिम उद्देश्य भनेको निश्चित क्षेत्रका जनताको जीवनस्तरमा दिगो रूपले सुधार ल्याउनु हो । जसका लागि सम्पूर्ण आर्थिक क्षेत्रको विकासले त्यस क्षेत्रका जनताको अवस्थालाई सुधार गर्न सहयोग पुऱ्याउँछ।

क्षेत्र विकास पहुँचले सम्बन्धित स्थानीय तहमा सञ्चालित भएका अन्य कार्यक्रमसँगको सहसम्बन्धलाई समेत महत्व दिन्छ किनकि यसको मान्यतानुसार यदि स्थानीय तहका अन्य कार्यक्रमलाई पूर्णतया बेवास्ता गरियो भने त्यसले प्रतिकूल अवस्था सिर्जना गर्छ । किनकि त्यस्ता कार्यक्रमले समेत स्थानीय अर्थव्यवस्थामा प्रभाव पार्छ । त्यसैले सहकार्यद्वारा कार्यक्रम अगाडि बढाइएमा एकातर्फ आर्थिक कल्याण हुन्छ भने अर्कोतर्फ त्यसले विकासलाई समेत प्रभावकारी ढंगबाट अगाडि बढाउन सहयोग पुऱ्याउँदछ । कृषि विकास योजनाका बिचमा परिपूरक सम्बन्ध रहेको पाइन्छ। कृषि विकास योजनाको लक्ष्य उत्पादन तथा उत्पादकत्वमा वृद्धि र आय आर्जनका स्रोत सम्भावनालाई अगाडि बढाउनु रहेको हुन्छ । त्यसका लागि विशेषतः सही सूचनाको आदानप्रदान, संख्यात्मक विकास, प्राविधिक पक्ष, पूर्वाधारको विकास तथा बजारीकरणलाई जोड दिन्छ भने क्षेत्र विकास पहुँचले आर्थिक विकासका लागि बृहत्तर योजनामा जोड दिन्छ।

क्षेत्रीय योजना, राष्ट्रिय योजना र स्थानीय योजनालाई समन्वय गराउने सवालमा पुलको काम गर्ने योजना हो। आन्तरिक र बाह्य विषमतालाई कम गर्ने आधार हो। राष्ट्रिय योजनाको मूल उद्देश्य प्राप्त गर्ने प्रभावकारी औजार हो । दोस्रो विश्वयुद्धपछि विश्वमा क्षेत्रीय योजनाको महत्व दिनप्रतिदिन बढ्दै आएको पाइन्छ। क्षेत्रीय योजना आर्थिक विकास गर्न महत्वपूर्ण मार्ग हो । यो सन्तुलित आर्थिक विकास प्राप्त गर्ने संयन्त्र हो। क्षेत्रीय योजना भनेको आर्थिक, सामाजिक उद्देश्यहरूलाई समन्वय गर्नुका साथै राष्ट्रिय योजनाको बाँडफाँटको परिधिलाई विस्तृत बनाउने बृहत् उपाय हो । आर्थिक हिसाबले पिछडिएका क्षेत्रहरूको सन्तुलित समन्वयात्मक विकासको उद्देश्य प्रादेशिक योजनाले अंगीकार गरेको हुन्छ । जबसम्म मानवीय क्रियाकलापहरूको स्थानीय ढाँचामा परिवर्तन हुँदैन, तबसम्म राष्ट्रिय योजनाको मूल आर्थिक, सामाजिक तथा वातावरणीय उद्देश्यहरू पूरा हुन सक्दैनन्।

प्रादेशिक नीतिको अर्थ सीमित साधनलाई यत्रतत्र छर्ने मात्र नभई केन्द्रित र कुण्ठित रहेको विकास कार्यलाई फराकिलो पारेर क्षेत्रीय स्रोतहरूलाई परिचालन गर्न समन्वययुक्त लगानीद्वारा राष्ट्रिय आयको अभिवृद्धि गर्नु हो । प्रादेशिक सन्तुलन कायम गर्नु भनेको एक दीर्घकालीन प्रक्रिया हो र यसको लागि निरन्तर प्रयास अनिवार्य छ । देशको सर्वांगीण आर्थिक विकासका निमित्त सबै क्षेत्रमा आवश्यक साधन र स्रोतको उचित वितरण र जनशक्तिको समुचित परिचालन हुनुपर्ने तथ्य निर्विवाद नै छ। विकासमा क्षेत्रीय सन्तुलनको आधार नअपनाइए यातायात, कृषि विकास, शिक्षा, स्वास्थ्य आदिको सुविधा पनि समान रूपमा सबै क्षेत्रलाई प्राप्त हुन सक्दैन । आवश्यक रोजगारीको अवसरबाट पनि अविकसित भेगका जनता विमुख हुन पुग्छन् । यसबाट स्वभावतः उनीहरूको रहनसहन र जीवनस्तरमा समेत प्रतिकूल प्रभाव पार्ने हुँदा प्रादेशिक विकास योजनाको महत्व बढी छ।

क्षेत्रीय योजनाको प्रतिपादनपूर्व सोभियत संघमा स्टालिनद्वारा गरिएको थियो। स्टालिनले प्रत्येक क्षेत्रको विकास गर्दा पुँजीवादी शक्तिले कुनै क्षेत्रमा अधिकार प्राप्त गर्दा पनि सो क्षेत्रको आर्थिक शक्तिमा असन्तुलन पैदा नहोस् भन्ने अभिप्रायले क्षेत्रीय विकासको योजना अनुसरण गरेका थिए । त्यसकारण क्षेत्रीय विकास योजनाको मूल उद्देश्य देशभित्रका समग्र क्षेत्रहरूको विकास समान प्रकारले अगाडि बढाउनेतर्फ निर्देशित भइरहेको हुन्छ।

कुनै पनि मुलुकको कुनै भाग बढी विकसित र कुनै भाग कम विकसित भएमा त्यस मुलुकका सबै भागमा बसोबास गर्ने जनताले विकासको प्रतिफल उपभोग गर्ने समान अवसर पाउँदैनन् । बढी विकसित ठाउँमा स्वाभाविक रूपमा जनजीवन सरल र सहज हुन्छ भने कम विकसित ठाउँमा जनजीवन कष्टपूर्ण र जटिल हुन्छ। तब मानिसहरू सरल जीवन व्यतीत गर्न विकल्पहरूको तुलना गरी सुविधाजनक ठाउँमा बसाइ सर्न थाल्छन्, जसको परिणामस्वरूप कहीं जनघनत्व अत्यन्त बढी र कहीं अत्यन्त कम हुन्छ । देशको कुनै भागमा जनसंख्याको ठूलो हिस्सा रहनु, विकास निर्माण त्यही ठाउँमा मात्र सीमित रहनु र त्यही देशको अर्को ठाउँमा जनसंख्या कम रहनु र विकास निर्माणमा ध्यान नपुग्नुले मुलुकमा क्षेत्रीय असन्तुलनको अवस्था सिर्जना हुन्छ। प्राकृतिक साधन र स्रोतको पूर्ण उपयोग हुँदैन, जनशक्ति बेरोजगार रहन्छ। यस्तो अवस्था कुनै पनि मुलुकका लागि हितकर हुँदैन। जबजब क्षेत्रीय असन्तुलन बढ्छ तब जन असन्तुष्टि पनि बढ्न थाल्छ र सरकारको नीतिप्रति प्रश्नचिह्न उठ्न थाल्छ। कुनै पनि मुलुकको सन्तुलित विकासले नै त्यस मुलुकको वास्तविक विकासको पहिचान दिन्छ। जसले वितरणमा समानता ल्याई जन सन्तुष्टि बढाउँछ र कल्याणकारी राज्यको उद्देश्य पूरा हुन्छ । मुलुकको सन्तुलित विकासका लागि त्यस मुलुकको धरातलीय स्वरूप, मौसम, उपलब्ध प्राकृतिक साधन र स्रोत, विकासका सम्भावनाहरू र चुनौतीहरू आदिको पहिचान हुनु जरुरी छ । जुन मुलुकको सन्तुलित विकासको पूर्वाधार पनि हो । विषम धरातलीय मुलुकमा सबै क्षेत्रमा विकासको एउटै रणनीति उपयुक्त हुँदैन।

नेपालमा हाल कायम भएका ७७ जिल्ला तथा ७ वटा प्रदेशमा विकास कार्यक्रम सञ्चालन गरिँदा क्षेत्र विकास पहुँचको आवश्यकता पर्छन्। हरेक प्रदेश तथा जिल्लाहरूमा विकास कार्यक्रम पहुँच तथा विकास रेखाहरू निर्माण गरिनु आवश्यक छ । जिल्ला र प्रदेशहरूको बीचबीचमा विकास रेखाहरूको विकास गरिनु अति आवश्यक रहन आएको छ।

वर्तमान सोह्रौं पञ्चवर्षीय योजना (२०८१-८२-२०८५-८६) मा क्षेत्रीय विकास कार्यक्रमअन्तर्गत

(१) विकासका सबै क्षेत्र तथा आयाममा देखिएका संरचनागत अवरोधहरूको पहिचान, सम्बोधन र निराकरण गर्दै उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने।

(२) संघ, प्रदेश र स्थानीय तीनै तह तथा सरकारी, निजी, सहकारी र गैरसरकारी क्षेत्र एवं विकास साझेदारबीचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याउँदै दिगो विकास योजना कार्यान्वयन गर्ने।

(३) विकासका सबै क्षेत्र तथा आयाममा लैंगिक मूलप्रवाहीकरण, आधुनिक प्रविधिको प्रयोग, वातावरण संरक्षण र विपद् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गर्ने।

(४) अध्ययन, अनुसन्धान तथा तथ्य र प्रमाणमा आधारित नीति निर्माण एवम् विकासका कार्यक्रम कार्यान्वयन गर्ने।

संरचनात्मक रूपान्तरणका प्रमुख क्षेत्रअन्तर्गत यस सोह्रौं पञ्चवर्षीय योजनामा समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिक वृद्धि गर्ने, उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने, उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षाको विकास गर्ने, स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण गर्ने, गुणस्तरीय भौतिक पूर्वाधार विकास एवं सघन अन्तरआबद्धता गर्ने, योजनाबद्ध, दिगो र उत्थानशील सहरीकरण तथा बस्ती विकास गर्ने, लैंगिक समानता, सामाजिक न्याय तथा समावेशी समाज निर्माण गर्ने, प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास गर्ने, गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माण गर्ने, प्रभावकारी वित्त व्यवस्थापन तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि गर्ने, शासकीय सुधार तथा सुशासन प्रवर्द्धन गर्ने।

क्षेत्रीय विकासको पक्षलाई उचित स्थान दिई क्षेत्रीय असन्तुलनलाई हटाउन तुलनात्मक रूपमा पिछडिएका विकास क्षेत्र र ती अन्तर्गतका जिल्लाहरूमा न्यूनतम पूर्वाधारका सुविधा पुऱ्याउने प्रक्रियामा तीव्रताको खाँचो छ । सडक, यातायात, सञ्चार तथा विद्युत् सेवाको आपूर्ति यस दिशाका महत्वपूर्ण पूर्वाधारहरू ठहरिन्छन्। यसका अतिरिक्त शिक्षा र स्वास्थ्य सेवाका अवसरहरूलाई ती क्षेत्रहरूमा पुऱ्याइनेतर्फ कटिबद्धताका साथ समयतालिका किटान गरी जानुपर्ने आवश्यकता रहेको छ। उपेक्षित ठाउँ तथा पिछडिएका जनसमूहका बीच आर्थिक तथा सामाजिक उपलब्धिको वितरण न्यायपूर्ण ढंगले हुन दिने व्यवस्थामा सुधार ल्याउने तथा आर्थिक उन्नति तथा जनकल्याणको अभिवृद्धि गर्ने कार्यक्रमबीच स्वीकृत तथा समष्टिगत योजनालाई उपयुक्त भू-एकाइ निर्धारित गरी कार्यान्वित गरिनु जरुरी देखिएको छ । स्थानीय स्तरका गतिविधिलाई समन्वयात्मक ढंगले प्रादेशिकस्तरमा ल्याई त्यसलाई राष्ट्रिय विकास योजनामा सम्बन्ध गराउने वातावरण सिर्जना गरिनुपर्छ । उपलब्ध स्रोतसाधन र सम्पदाको परिचालन गरी सामाजिक र आर्थिक विकासको गति तीव्र तुल्याउनुका साथै लक्ष्य निर्धारण र कार्यक्रम कार्यान्वयनमा व्यापक जनसाधारणलाई सम्मिलित गराई स्थानीय आवश्यकता तथा वातावरणीय कुराहरूमा जनचेतना जागृत गराउनु आवश्यक भएको छ।

पिछडिएका ठाउँको विकास गर्ने तथा विकास क्षेत्र र उप-प्रदेशका ठाउँका बीच प्रभावकारी एकीकरण गरी आर्थिक गतिविधि तथा जनसंख्याको वितरणमा सुधार ल्याउने र जनजीवनको स्तरमा सुधार ल्याई प्रादेशिक सन्तुलन कायम गरिनुपर्छ । आर्थिक तथा प्रशासनिक अधिकारलाई विकेन्द्रित गराउनेतर्फ अब नीतिको कमी होइन तर अनुरूप प्रतिबद्धतापूर्ण व्यवहारको खाँचो देखिन्छ । स्थानीय निकायहरूलाई पनि विकास र निर्माणको काममा अधिकारसम्पन्न गराई जिम्मेवारी लिन लगाउनुपर्ने समय आइसकेको छ। यसबाट स्थानीय समस्याको लागि केन्द्रमा धाउने तथा प्रतिनिधिमण्डल जाने प्रथालाई क्रमशः कम गराउँदै लैजान मद्दत मिल्नेछ। गरिबीको वास्तविक स्थितिलाई प्रतिविम्बित गर्ने मापदण्डको विकास गरी उत्पादन साधनमा उनीहरूको पहुँच बढाउने नीति अवलम्बन गरिनुपर्छ । ग्रामीण बजारको माग र आवश्यकताअनुसारको दक्ष जनशक्ति आपूर्ति गर्न सकिने गरी सीप विकास तालिम सञ्चालन गरिनुपर्छ । त्यस्तो तालिम सञ्चालन गर्दा ग्रामीण बजारको मागअनुसार स्वरोजगार सिर्जना गर्न सकिने तालिम कार्यक्रममा जोड दिनुपर्ने देखिन्छ । कर्जामा पिछडिएका वर्गको पहुँच बढाउन वर्तमानमा कार्यरत वित्तीय संस्थाहरू र गैरसरकारी संस्थाका सहभागितामा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। व्यापक रूपमा रोजगारी अभिवृद्धि गर्ने काममा टेवा पुऱ्याउन संस्थागत व्यवस्था गर्नुपर्छ । मानवीय संसाधनको विकासमा दृष्टि दिनु त्यत्तिकै आवश्यक छ । यस सिलसिलामा हाम्रो शिक्षा नीतिमा पुनरावलोकनको खाँचो छ। रोजगारीमूलक प्राविधिक जनशक्ति तयार गर्ने खालको शिक्षा प्रदान गर्ने कार्यलाई प्राथमिकता दिइनुपर्ने देखिन्छ।

गरिबीसम्बन्धी कार्यका लागि स्थापित संस्था र निकायहरूलाई जिम्मेवारीमूलक ढंगबाट आफ्नो आफ्नो क्षेत्रमा अग्रसर गराउन क्षमता विकासको पक्षमा पनि ध्यान दिनुपर्ने देखिन्छ। कर्मचारीतन्त्रलाई गुण र दोषको आधारमा निष्पक्षतापूर्वक परिचालन गरिनु नितान्त आवश्यक छ । यसको साथै निर्माण कार्य सम्पन्न गर्दा यथासम्भव बढी श्रममूलक प्रविधि अपनाउन प्रश्रय दिनु उचित हुनेछ। सरकारले सम्पत्तिको न्यायिक वितरणको नीति ल्याउन ध्यान दिनैपर्छ । यस प्रसंगमा उपयुक्त प्रगतिशील कर नीति तथा प्रभावमूलक भूमिसुधार कार्यक्रमलाई प्रभावकारी ढंगबाट लागू गराउन दृढ रहनुपर्छ। पेन्सन, वृद्धभत्ता, बेरोजगारी भत्ता, निःशुल्क स्वास्थ्य तथा शिक्षा सुविधा, उपभोग्य तथा आवश्यक वस्तु पिउने पानी र विद्युत् सुविधाजस्ता उपायका आधारमा विपन्न समूहका मानिसको आर्थिक हितमा अभिवृद्धि ल्याउन सकिन्छ।

भूमिहीन ग्रामीण किसानहरूलाई भूमि उपलब्ध गराउनुका साथै ग्रामीण तथा सहरी क्षेत्रका विपन्न वर्गका मानिसलाई शिक्षा, तालिम प्राविधिक ज्ञान र सीप पोषण, स्वास्थ्य सुविधाजस्ता मानवीय संसाधन विकासका आधार उपलब्ध गराउनुपर्छ। स्वरोजगार अभिवृद्धिका लागि लघुकर्जा एक प्रभावकारी संयन्त्र भएको देखिएको हुँदा लघु कर्जा कार्यक्रम संस्थागत गर्दै विस्तार गर्नु चुनौतीपूर्ण रहेको छ। कुल गार्हस्थ्य उत्पादन दरलाई उच्च राख्न गैरकृषि क्षेत्रको उत्पादनमा जोड दिने कार्यक्रम समावेश गर्नुका साथै निजी क्षेत्रको उत्पादन लगानीलाई प्रभावकारी रूपमा अगाडि बढाउन औद्योगिक लगानीको उपयुक्त वातावरण सिर्जना गर्नुपर्छ।

राजधानीबाट

## प्रधानमन्त्री कप क्रिकेट

# रूपन्देही र नवलपरासीको जित




भैरहवा । प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि लुम्बिनी प्रदेशस्तरीय छनोट खेल सुरु भएको छ । आइतबारदेखि रुपन्देहीको भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदान र तिलोत्तमामा रहेको एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा छनोट खेल सुरु भएको हो ।

सिद्धार्थ क्रिकेट मैदानमा भएको छनोट खेलमा रुपन्देहीको टिमले पाल्पा जिल्लाको टिमलाई १० विकेटले पराजित गर्दै जित निकालेको छ । जितका लागि पाएको ७४ रनको झिनो लक्ष्य रुपन्देहीले १३ ओभरमा ७७ रन बनाउँदै सहजै जित निकाल्यो । उसको जितमा मनिष थापाले अविजित ३८ र मिर्नाल गुरुङले नटआउट ३५ रनको योगदान गरे ।

यसअघि टस जितेर ब्याटिङ गरेको पाल्पाले निर्धारित ५० ओभरको खेलमा २३ ओभर ४ बल खेल्दै सबै विकेट गुमाएर जम्मा ७३ रन बनाएको थियो । उसलाई सस्तैमा रोक्न बलिङमा रुपन्देहीका सन्देश थापाले ६ ओभर ४ बलमा ३ मेर्डनसहित १७ रन खर्चेर ५ विकेट लिए । यस्तै, विप्रसन केसीले ३ तथा कृष्ण कार्की र रमेश कुर्मीले १-१ विकेट लिए । पाल्पाका नरबहादुर सार्कीले ४० र नविन भण्डारीले ११ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न नसक्दा टिमले हार व्यहोर्यो । खेलमा रुपन्देहीका सन्देश थापा प्लेयर अफ द म्याच भए ।

यस्तै, रुपन्देहीको तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा भएको अर्को खेलमा पश्चिम नवलपरासीले कपिलवस्तुको टिमलाई ३० रनले पराजित गर्दै जित हात पारेको छ । टस हारेर ब्याटिङको निम्तो पाएको नवलपरासीको टिमले निर्धारिता ५० ओभरमा ४६ ओभर ५ बल खेल्दै सबै विकेट गुमाएर १ सय ७१ रन बनायो । उसका लागि सम्राट भुसालले ४२, रन्जितकुमार खड्काले ३५, इकलाख वारिसले १९ र ओमकार यादवले १६ रनको योगदान दिए । बलिङमा कपिलवस्तुका राज अग्रहरीले ३, मोहम्मद हुसेन गद्दी, प्रयासदेव गैरे र शिव कुँवरले समान २-२ तथा महेश भरले १ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको कपिलवस्तु ४७ ओभरमा १ सय ४१ रन बनाउँदा अलआउट भयो र हार व्यहोर्यो । उसका लागि शिवशकुरमा मौर्यले २०, प्रतीक भट्टराई र रौनक श्रीवास्तवले समान १७-१७, रामजन अली धुनिया र शिव कुंवरले १४-१४ तथा राज अग्रहरीले १० रन बनाए पनि जितका लागि पर्याप्त भएन । बलिङमा नवलपरासीका राजेन्द्रबहादुर बम, ओमकार यादव र शिशिर थापाले समान ३-३ तथा इकलाख अहमदले १ विकेट लिए । खेलमा राजेन्द्रबहादुर बम प्लेयर अफ द म्याच घोषित भए ।

यही फागुन २५ देखि भैरहवाको सिद्धार्थ रंगशाला, तिलोत्तमाको एक्स्ट्राटेक र लमही राष्ट्रिय क्रिकेट मैदानमा प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता हुँदैछ । उक्त प्रतियोगिताका लागि लुम्बिनी प्रदेशस्तरीय टिम छनोटका लागि जिल्ला स्तरको छनोट खेल सुरु भएको हो । रुपन्देही, पश्चिम नवलपरासी, कपिलवस्तु, पाल्पा, दाङ, बाँके र बर्दिया गरी ७ जिल्लाका टिम सहभागी छनोट खेलबाट प्रत्येक जिल्लाका उत्कृष्ट खेलाडी छनोट गरी लुम्बिनी प्रदेशको एउटा टिम बनाइने प्रादेशिक क्रिकेट संघ लुम्बिनी प्रदेशका अध्यक्ष संजय गुरुङले जानकारी दिए ।

# खाना महोत्सवमा दर्शकको भिड



पाल्पा । पाल्पाको तानसेनमा मखनटोल टोल विकास संस्थाले सञ्चालन गरेको सडक खाना महोत्सवमा दर्शकहरु रमाएका छन् । सडकमै खाने, सडकमै रमाउने, सडकमै नाचगान गर्ने व्यवस्थाले तानसेन मखनटोल सडक पर्यटकले भरिभराउँ नै भयो । सडक खाना महोत्सवमा सबै परिकारहरु सडकमै पकाएर खाँदै रमाउँदै नाचगानका साथ पर्यटकहरु रमाएका हुन् । मखनटोल टोल विकास संस्था तानसेन पाल्पाले पर्यटन व्यवसायलाई चलायमान बनाउन, पर्यटकहरुलाई रमाइलो बनाउन, सडक खाना महोत्सव गरेको हो ।

सडक खाना महोत्सवमा हाँसको छोइला, चुकाउनी, अचार, बटुक, यमरी, च्याउका परिकारहरु, कोदो, फापर सेल, रोटी, मह जस्ता खानाका परिकारहरु खाएर आन्तरिक तथा बाह्य पर्यटकहरु रमाएका छन् ।

यो महोत्सवले सबैलाई खुसी बनाएको छ, परिवारसहित मानिसहरु सडकमा आएका छन्, खाएका छन्, रमाएका छन्, नाचेका छन्, व्यापार बढेको छ, आर्थिक कारोबार बढेको खाना महोत्सवमा रमाएका आन्तरिक पर्यटक कृष्णप्रसाद पराजुलीले बताए ।

पाल्पामा बढीभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने गरी पाल्पाली खाना पहिचान गराउने, होटल रेष्टुरेण्ट क्षेत्रमा नयाँ-नयाँ परिकारको प्रवेश गराउने, परम्परागत जातजातिका खाना तथा परिकारहरुको प्रचार प्रसार गर्ने र सबै जातजातिहरुका परिकारहरुको स्वाद चखाउने, खाना महोत्सवमा संकलन भएको रकम, अपाङ्ग बालबालिकाको शिक्षा, महिलाको आयआर्जन तथा क्षमता विकासमा खर्च गर्ने उद्देश्यका साथ सडक खाना महोत्सवको आयोजना गरिएको मखनटोल टोल विकास संस्थाकी अध्यक्ष ज्ञानु कार्कीले बताइन ।

पाल्पामा आन्तरिक पर्यटक बढाउन, तानसेन बजारलाई चहलपहल बढाउन र नयाँ-नयाँ खानाको स्वाद लिन, एक आपसमा खुसी साटासाट गर्न यस्ता सडक खाना महोत्सवले सहयोग पुगेको छ । घरमा बसेर समय कटाउन कठिन भएका गृहिणीहरुलाई नजिकमा भएको सडक खाना महोत्सवले खुसी प्रदान गरेको तानसेनकी इच्छा लिगलले बताइन ।

सडक खाना महोत्सवमा ५० भन्दा बढी खानाका स्टलहरु रहेका थिए । मखनटोल टोल विकास संस्थाले एक दिन, घरमा होइन, सडकमै खाँऔ, सडकमै रमाऔ, मन मस्तिकलाई ताजा बनाऔ भन्ने मूल नाराका साथ महोत्सव सञ्चालन गरेको हो । सडक खाना महोत्सवले नयाँ-नयाँ खानाको परिकार चिनाएको, विभिन्न जातजातिका परिकारहरुको प्रचार प्रसार भएको सडक खाना महोत्सवकी संयोजक प्रर्मिला कार्कीले बताइन ।

महोत्सवमा पाल्पाली पहिचान झल्किने मारुनी, सोरठी, कौडालगायतका नृत्यहरु प्रर्दशन गरिएको थियो । ५० हजार बढी दर्शकहरु सडक खाना महोत्सवमा पुगेका थिए । पाल्पामा आउने पर्यटकको वृद्धि हुने, आन्तरिक व्यापार बढ्ने, टोल विकास संस्थाभित्र एकता कायम गर्दै सामूहिकताको भावना जगाउने काम सडक खाना महोत्सवले गरेको छ ।

### आफ्नो...

कृषि मेलामा खाद्यान्न, तरकारी, फलफूल , दलहन , तेलहनका सामग्रीका साथै केरा, तरुल, फर्सी, मकै, धान, पिँडालु, विभिन्न प्रजातिका बिरुवा, घरेलु कृषिऔजार प्रदर्शनमा राखिएका थिए ।

किसान कर्मबाट पनि सजिलै आफ्नै कार चढ्न सकिन्छ, मासिक रुपमा लाखौ रुपैयाँ कमाउन सकिन्छ भनेर किसानहरुमा हौसल्ला बढाउँदै उर्जा थप्न, जनचेतना जगाउन, राज्यका नीति नियम किसानमुखी बनाउन, राज्यले सबैभन्दा धेरै लगानी कृषिमा गर्नुपर्छ भनेर संसदमा नीतिनियम बनाउन र बजेट निर्माणमा दबाब दिन, उच्चस्तरीय प्रविधिसँग किसानहरुलाई जोड्न, किसान आफैं घरबारी माटो, हावापानी सुहाउँदो बिउ उत्पादनमा क्षमतावान बनाउन आवश्यक पूर्वाधारको लागि राज्यनिकायलाई दबाब सिर्जना गर्नकालागि कृषिमेलाको आयोजना गरिएको वडा नं. ९ का वडाध्यक्ष राजेश कुमार अर्यालले बताए ।

कृषि मेलामा कृषि क्षेत्रमा अमूल्य योगदान पुर्‍याएका अगुवा कृषकहरु प्रेमराज पंगेनी, गणेश भण्डारी, कौशलराज पौडेल, बलराम रेग्मी र उमापति पराजुली सम्मानित भएका छन् । किसानहरुलाई प्रतिष्पर्धात्मक बनाई गुणस्तरीय उत्पादनमा सक्रिय बनाउन विविध बालीतर्फ तरकारी खेतीमा विष्णु राना, जमुनादेवी न्यौपाने, सुरज सिंजाली थापा, पूर्णबहादुर सारु पुरस्कृत भएका छन् । फलफूल खेतीतर्फ केशवराज घिमिरे, उमा अर्याल, टोपबहादुर क्षेत्री, अर्जुन नेपाली, भिमकुमारी घिमिरे पुरस्कृत भएका छन् ।

यसैगरी खाद्यान्न बालीतर्फ रन सिं हितंगा, गीता नेपाल, गिरिराज पराजुली पुरस्कृत भएका छन् । मसला बालीतर्फ झपेन्द्रप्रसाद तिमिल्सीना, सिला भट्टराई, राजु अधिकारी, गोबिन्द भण्डारी पुरस्कृत भएका छन् । विविधतर्फ मणीमौरी विकास श्रोत केन्द्र, घिमिरे पशुपन्छी, माया पंगेनी तथा मोतीलाल गैरे पुरस्कृत भए । रैथाने बालीतर्फ लिलानाथ तिमिल्सीना, उमेशराज घिमिरे, ठाकुरप्रसाद भट्टराई, रुद्रलाल पौडेल पुरस्कृत भएका छन् ।

बाख्रातर्फ आशीष एकीकृत कृषि तथा पशुपन्छी फार्मको बोयर जातको बाख्रा, जीवनाथ बराल, राजेश थापा, रविलाल बस्याल, रोयल ताजएग्रीफर्म, जीवनाथ बराल र नुरनाथ पंगेनी पुरस्कृत भएका छन् । त्यस्तै कुखुरातर्फ कुसुम राना, टिकामाया राना, झबिन्द्र बस्याल, रामप्रसाद भण्डारी पुरस्कृत भएका छन् ।

कृषि मेलाको अवलोकन गर्दै प्रतिनिधिसभा सदस्य ठाकुरप्रसाद गैरेले कृषि क्षेत्रमा मदनपोखराले देशमै छुट्टै पहिचान बनाएको, कृषि उत्पादन तथा आन्दोलन मदनपोखराबाटै सिक्नुपर्ने बताए ।

पूर्व मन्त्री सोमप्रसाद पाण्डेले मदनपोखराले कृषि क्षेत्रमा नयाँ लहर ल्याउन खोजेको छ, राज्यबाट आवश्यक लगानी र सहयोग खोजीरहेको बताए । मदनपोखराको वरिपरि क्षेत्रको तरकारी पाल्पा, कास्की, रुपन्देही, नवलपरासी, कपिलवस्तु र भारतको गोरखपुरसम्मको बजारमा पुग्ने गरेको छ ।


## जिल्ला प्रशासन कार्यालय
### बढुवा समितिको सचिवालय
गुल्मी

## बढुवा सम्बन्धी सूचना

मिति-२०८१/११/०४

लोकसेवा आयोगको देहायको बढुवा सूचना, सेवा समूह र श्रेणीको रिक्त पदमा वढुवा समितिको मिति २०८१/११/०४ गते वसेको बैठकको निर्णयानुसार देहाय बमोजिम उम्मेदवारलाई बढुवाको लागि सिफारिस गर्ने निर्णय भएको हुँदा निजामती सेवा ऐन २०४९ को दफा २४(च)को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

बढुवा सूचना नं.२८७/०८१/०८२(कार्य क्षमताको मुल्याङ्कनद्वारा हुने बढुवा) माग पद संख्या-०१

बढुवाको लागि सिफारिस गरिएको सेवा - प्रशासन, समूह-सा.प्र, श्रेणी - रा.प.अन.- प्रथम, पद - नायव सुब्बा

| क्र.स. | उम्मेदवारको नाम | संकेत न. | प्राप्त अंक | सिफारिस गरिएको कार्यालय |
|---|---|---|---|---|
| १ | श्री ढालेन्द्र पुन | २००४०२ | १०० | मालपोत कार्यालय, तम्घास, गुल्मी । |



## कावासोती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)
गण्डकी प्रदेश, नेपाल

## विज्ञापन करको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी १५ दिने सूचना !

प्रथम पटक प्रकाशित मिति : २०८१/०६/१५, दोश्रो पटक प्रकाशित मिति : २०८१/०७/३०,
तेश्रो पटक प्रकाशित मिति : २०८१/०८/२१ चौथो पटक प्रकाशित मिति : २०८१/११/०५

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ को उपदफा १ (घ) बमोजिम यस नगरपालिकाको आ.व.२०८१/०८२ देखि आ.व.२०८३/०८४ को लागि विज्ञापन कर उठाउने कार्यको बोलपत्रका माध्ययमद्वारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सहभागी हुन ईच्छुक फर्मबाट बोलपत्र आह्वान गरिन्छ ।

**विवरण :**

| क्र. सं. | आय ठेक्का नं. | करको विवरण | न्युनतम अंक | बोलपत्र जमानत | बोलपत्र दस्तूर |
|---|---|---|---|---|---|
| १ | ०१/२०८१/०८२ | आ.व.२०८१/०८२ देखि ०८३/०८४ को लागि विज्ञापन कर उठाउने कार्य | मू.अ. कर र अग्रिम आयकर बाहेक प्रति बर्ष रु.५,००,०००/- | मू.अ.कर सहितको कबोल अंकको ५% ले हुने रकम वा सो बराबरको बैंक जमानत | रु.१,०००/- |

**ठेक्का सम्बन्धि शर्तहरु :**

१. बोलपत्र फाराम यो सूचना प्रकाशन भएको मितिले १५ दिनसम्म कार्यालय समय भित्र रु.१,०००/- (फिर्ता नहुने गरि) तिरि खरिद गर्न सकिनेछ । यसका लागि फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरि निवेदन दिनुपर्नेछ ।
२. बोलपत्र फाराम यो सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२ बजे सम्म यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । सोही दिनको २:०० बजे बोलपत्र खोलिनेछ ।
३. बोलपत्रसाथ आँफुले कबोल गरेको मू.अ.कर सहितको अंकको ५% ले हुने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक कावासोती शाखामा रहेको ग-३ धरौटी खाता नं. ३२००१००३०३००००३ मा जम्मा गरेको सक्कलै भौचर वा १२० दिनको म्याद भएको बैंक जमानत संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्र सदर भएपछि बोलपत्र दाताले ठेक्काको सम्पूर्ण रकम कावासोती नगरपालिकाको विभाज्य कोष खाता नं. ग-६-१-३२००१००३०६०१०००३ मा जम्मा गर्नु पर्नेछ वा ठेक्काको सम्पूर्ण रकम मध्ये ५०% रकमको २०८२ जेष्ठ मसान्तसम्म मान्य भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ । बैंक ग्यारेन्टीको रकम बैशाख मसान्तभित्र जम्मा गरिसक्नु पर्नेछ । आन्तरिक राजस्व कार्यालयमा १३% ले हुने मू.अ.कर वापतको रकम र मु.अ.कर वाहेकको रकमको १.५% ले हुने अग्रिम आयकर वापतको रकम आन्तरिक राजस्व कार्यालयको खातामा दाखिला गरेको भौचर पेश गर्नु पर्नेछ ।
५. ठेक्का अवधि आ.व.२०८१/०८२ देखि आ.व.२०८३/०८४ को लागि मात्र हुनेछ । सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न सक्नेछ ।
६. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।
७. तिनै तहको सरकारले प्रतिबन्ध लगाएको तथा आम नागरिकलाई प्रतिकुल असर पार्ने खालका होर्डिङ्ग बोर्ड राख्न पाईने छैन । स्वदेशी उत्पादनलाई बढावा दिने खालका विज्ञापनका बोर्डहरुलाई प्राथमिकता दिनुपर्नेछ ।
८. तिनै तहका सरकारद्वारा जारि गरिएका जनचेतनामूलक होर्डिङ्ग बोर्डबाट कर संकलन गर्न पाईने छैन ।
९. सार्वजनिक लगायत निजी स्थानमा राखिएका होर्डिङ्ग बोर्ड, वाल पेण्टिङ्ग, फ्ल्यास व्यानर आदी जस्ता व्यवसायिक विज्ञापनहरुको मात्र विज्ञापन कर उठाउन पाईनेछ ।
१०. अन्य जानकारीको लागि कार्यालय समय भित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।
११. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय ।

## कम्पनीको दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना ।

मिति २०७४/०४/०६ गते दर्ता नं. १७१३७० मा दर्ता भएको **अनलाइन विज्ञापन सेवा प्रा.लि.**को मिति २०८१/१०/२० मा सम्पन्न विशेष साधारण सभाले कम्पनीको दर्ता खारेजी गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुदा उक्त कम्पनिले कसैसँग ऋण लिएको वा सो कम्पनीले कसैलाई कुनै रकम तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागी ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा नियमानुसार उक्त कम्पनिको दर्ता खारेजी गरिने व्यहोरा सम्बन्धित सवैको लागी सुचित गरिन्छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय ।

## कम्पनीको दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना ।

दर्ता नं. १८५३७२ मा दर्ता भएको **कुँवर वर्ल्ड लिंक एग्रि फार्म एंड नर्सरी रिसर्च सेन्टर प्रा.लि.** को मिति २०८१/१०/३० मा सम्पन्न विशेष साधारण सभाले कम्पनीको दर्ता खारेजी गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुदा उक्त कम्पनिले कसैसँग ऋण लिएको वा सो कम्पनीले कसैलाई कुनै रकम तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागी ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा नियमानुसार उक्त कम्पनिको दर्ता खारेजी गरिने व्यहोरा सम्बन्धित सवैको लागी सुचित गरिन्छ ।



## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# चप्पल उद्योगमा जम्दै नर्मदा



**राधिका भुसाल**

*प्यूठान*

मल्लरानी गाउँपालिका ४ खलंगा निवासी नर्मदा भट्टले चप्पल उद्योग सञ्चालन गरेकी छिन् । सुरुमा १ लाख बराबरको सामग्री किनेर उद्योग सञ्चालन गरेको बताउँदै उनले अहिले करिब ३ लाख लगानी भइसकेको बताइन् ।

२०८० जेठ महिनामा मल्लरानी गाउँपालिकाले सञ्चालन गरेको चप्पल बनाउने तालिममा सहभागी भइ १५ दिन तालिम लिएपछि चप्पल उद्यमी बनेकी थिइन, नर्मदा । २०८१ साउनदेखि एसजी चप्पल उद्योग दर्ता गरेर चप्पल बनाउन थालेको उनी बताउँछिन् । 'पालिकाबाट तालिम लिएपछि ५ जनाले सामूहिक रुपमा चप्पल बनाउन थालेका थियौं,' भट्टले भनिन्-'सामूहिक उद्योगबाट प्रतिफल नै नआएर असफल भएपछि मैले एकल लगानीमा चप्पल उद्योग सञ्चालन गरेकी हुँ ।'

झिमरुक गाउँपालिका र सरुमारानी गाउँपालिकामा प्रशिक्षकको रुपमा तालिम दिन गएको समेत उनले बताइन् । सँगै तालिम लिएका १० जनामध्ये भट्टले मात्रै सीपको सदुपयोग गरेकी छिन् । प्रशिक्षकको रुपमा हिंड्दा राम्रै कमाइ हुने गरे पनि सरदर मासिक २५-३० हजार आम्दानी गर्दै आएको उनी बताउँछिन् । उनले काठमाडौं गएर १५ दिने एड्भान्स तालिम र बुटवलमा पनि डिजाइन सिकेकी छिन् । आफूले तालिम दिएका उद्यमीहरुले अहिले व्यवसाय सुरु गरेको समेत उनको भनाइ छ ।

'बेसिक कोर्सको तालिम दिँदा ७-८ डिजाइनका चप्पल बनाउन सिकाउने गर्छु,' उनले भनिन्-'सामान उपलब्ध भएसम्म ३०-३२ प्रकारका डिजाइनमा चप्पल बनाउन सक्छु ।' ठूलो मात्रामा उत्पादन गरेर स्थानीय रुपमा बजार नपाउने गरेको उनले बताइन । 'व्यापारीलाई राम्रै नाफा हुने गरी अनेत्रबाट खरिद गर्ने रेटमा दिए पनि व्यापारिले राख्दैनन्,' उनले भनिन्-'थोरै मूल्यमा गुणस्तरीय दिँदा समेत स्थानीय उत्पादनभन्दा बाहिरबाटै खरिद गर्छौं भन्छन् ।'

खलंगा बजारमै पसल राखेर अनलाइनमार्फत् जिल्लाका विभिन्न ठाउँ र जिल्ला बाहिर काठमाडौं, घोराही र लमहीमा पठाउने गरेको उनले बताइन् । डेलिभरी चार्ज असाध्यै महँगो भएकाले आफूले थोरै राखे पनि ग्राहकलाई बजारकै भाउ पर्न जाने उनले गुनासो पोखिन् ।

सानैबाट जागिर गर्ने मन भए पनि घरपाएक जागिर नमिलेपछि सीप सिकेर उद्योग व्यवसाय गर्न थालेको उनले बताइन । संयुक्त परिवारमा बसेर पारिवारिक जिम्मेवारी बहन गर्दै आएको बताउँदै परिवारको राम्रो सहयोग पाएकोले उद्योगलाई विस्तारै बढाउँदै लैजाने उनको भनाइ छ ।

गाउँपालिकाले आफ्नो उत्पादनलाई बजारीकरणको व्यवस्था मिलाएमा ३-४ जना कर्मचारी राखेरै ठूलो चप्पल उद्योग सञ्चालन गर्ने लक्ष्य रहेको उनले सुनाइन । उनले स्थानीय उद्यमीहरुलाई प्रोत्साहनका लागि कुनै प्रकारका कार्यक्रमहरु नगरेको गुनासो समेत पोखिन् ।

सामाजिक क्षेत्रका सक्रिय रहेकी उनी नेपाल पत्रकार महासंघ प्यूठान शाखाको उपाध्यक्ष पनि हुन् ।

# कार्यसम्पादन मूल्याङ्कनमा तिनाउ गाउँपालिका पहिलो




पाल्पा । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तआयोगको कार्यसम्पादन मूल्याङ्कनमा पाल्पाका दश स्थानीयतहमध्ये तिनाउ गाउँपालिका पहिलो भएको छ । आयोगले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ मा गाउँपालिकाले गरेका कार्य सम्पादनको आधारमा प्रकाशित नतिजामा पाल्पामा तिनाउ गाउँपालिका पहिलो बनेको हो ।

आयोगले देशैभरीका स्थानीयतहले अघिल्लो आर्थिक वर्षमा गरेको कार्य सम्पादनको मूल्याङ्कन गरी नतिजा सार्वजनिक गरेको हो ।

तिनाउ गाउँपालिकाले पाल्पा जिल्लामा सबैभन्दा धेरै ७४ दशमलव २ अंक प्राप्त गरी पहिलो भएको हो । यस्तैगरी बगनासकाली गाउँपालिकाले ७३ दशमलव ७ अंक ल्याएर दोस्रो र तानसेन नगरपालिकाले ७१ दशमलव ७ अंक ल्याएर तेस्रो भएका छन् ।

यसैगरी कार्यसम्पादन मूल्याङ्कनमा रिब्दीकोट गाउँपालिकाले ६५ दशमलव ७, रामपुर नगरपालिका ६६ दशलव १, पूर्वखोला गाउँपालिकाले ६१ दशमलव ९, रम्भा गाउँपालिकाले ५९ दशमलव ९, रैनादेवी छहरा गाउँपालिकाले ५८ दशमलव ४, माथागढी गाउँपालिकाले ५७ दशमलव ६ र निस्दी गाउँपालिकाले ५७ अंक प्राप्त गरेका छन् ।

स्थानीय सरकारबिच सकारात्मक प्रतिस्पर्धा होस् भन्ने गरी आयोगले स्थानीयतहको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि २०७८ अनुसार मूल्यांकन गर्दै आएको छ । आर्थिक वर्षको राजस्व र आय-व्ययको अनुमान समयमा गाउँसभामा पेस गरे नगरेकोदेखि समयमा बजेट पास भएनभएको, स्थानीयतहले प्रदेश तथा संघमा पठाउनु पर्ने राजस्व समयमा पठाए नपठाएको, शिक्षा, स्वास्थ्य, राजस्व तथा विद्यार्थी भर्ना, चालु तथा पुँजीगत खर्चसम्मका विभिन्न १७ वटा सूचकमा मूल्याङ्कन हुने गर्दछ । वित्तआयोगको मूल्याङ्कनको आधारमा स्थानीयतहको लागि आगामी वर्षको बजेट छुट्टाउने गरिन्छ ।

तिनाउ गाउँपालिका जनप्रतिनिधिको खटाई र कर्मचारीहरुको सक्रियाताको कारण कार्यसम्पादन मूल्याङ्कनमा पहिलो बन्न सफल भएको पालिका अध्यक्ष प्रेम श्रेष्ठले बताए । आगामी दिन अझैं उत्कृष्ट कार्य गर्दै नतिजामा अझैं सुधार गर्ने अध्यक्ष श्रेष्ठले दाबी गरे ।

# दोस्रो मेयर कप छात्र/छात्रा फुटबल आजदेखि

बुटवल । बुटवलमा अन्तरविद्यालय फुटबल प्रतियोगिता हुने भएको छ । बुटवल उप-महानगरपालिकाको संरक्षकत्व र नगर खेलकुद विकास समितिको आयोजनामा विद्यालयस्तरीय दोस्रो मेयर कप छात्र/छात्रा फुटबल प्रतियोगिता २०८१ (सोमबार) आजदेखि सुरु हुने भएको हो । बुटवल उप-महानगरपालिकाको सभाहलमा आइतबार पत्रकार सम्मेलन गरी प्रतियोगिताको तयारी पूरा भएको नगर खेलकुद विकास समितिका संयोजक बोनिन पियाले बताए ।

प्रतियोगिताको छात्रतर्फको उपाधि विजेताले नगद १ लाख रुपैयाँ तथा उप-विजेता टिमले नगद ६० हजार रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने उनले बताए । यसैगरी छात्रातर्फ उपाधि विजेताले नगद ५० हजार रुपैयाँ तथा उप-विजेता टिमले ३० हजार रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने उनले बताए । यसैगरी प्रतियोगितामा विधागत उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीहरुलाई समेत पुरस्कृत गरिने उनले जानकारी दिए ।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले खेल पूर्वाधार र विकासमा फड्को मार्ने गरी लगानी गरेको दाबी गरे । 'खेलकुद हब बनाउने गरी योजनासहित खेल पूर्वाधार विकास भएको छ ।'- उनले भने । संघीय र प्रदेश सरकारको सहयोगमा नगरभित्र धेरै नयाँ पूर्वाधार र पुराना खेल मैदानलाई मर्मत सम्हारको काम भैरहेको उनले बताए ।

रुपन्देहीकै प्रतिष्ठित फुटबल प्रतियोगिता तिलोत्तमा गोल्डकप आयोजना गर्न ४० लाख रुपैयाँ तथा राष्ट्रिय लनटेनिस प्रतियोगिता आयोजनका लागि १२ लाख रुपैयाँ बजेट बिनियोजना गरेको उनले जनाए । यसैगरी एन्फा एकेडेमीमा १३ वर्ष मुनि युवा खेलाडी उत्पादनमा समेत लगानी गरिरहेको उनले बताए । यसका साथै खेलाडी, प्रशिक्षक, पत्रकार सम्मानका कार्यक्रम गरी थप प्रोत्साहनका कार्यक्रम समेत नगरबाट भैरहेको उनले बताए ।

कार्यक्रममा प्रतियोगिताका म्याच कमिश्नर हरिप्रसाद श्रेष्ठले बुटवल १२, चारपाला खेलमैदान तामनगर र बुटवल १३ जबई खेलमैदानमा गरी दुई स्थानमा प्रतियोगिता हुने बताए । प्रतियोगिता आयोजना हुने मैदान मर्मत र रंगरोगन, रेफ्री र टिम दर्तालगायतका सबै काम पूरा भएको उनले बताए ।

प्रतियोगितामा छात्रतर्फ २५ र छात्रातर्फ १० विद्यालयहरुले भाग लिंदैछन् । सात दिन सञ्चालन हुने प्रतियोगितामा १८ लाख खर्च हुने अनुमान रहेको उनले जानकारी दिए । पहिलो संस्करणमा अक्सफोर्ड मावि प्रतियोगिताको विजेता रहेको थियो ।

चारपाला खेलमैदानमा जितेश्वरी मावि, उजिरसिंह मा,का बिचमा उद्घाटन खेल हुनेछ । यसैगरी कान्ति मावि र एभरेष्ट माविबिच दोस्रो खेल तथा क्यानन मावि र कालिका मानव ज्ञान माविका बिचमा तेस्रो खेल हुनेछ । यसैगरी सोमबार नै जबई खेलमैदानमा ज्ञानपुञ्ज मावि र नहरपुर मावि तथा मोतीपुर मावि र तिलोत्तमा माविकाबिचमा खेल हुनेछ ।

# रामपुर महोत्सवमा ८ करोडको कारोबार, २ लाख दर्शक



**बासुदेव ढकाल**

*पाल्पा (रामपुर)*

पाल्पाको रामपुरमा तेह्र दिनसम्म चलेको चौथो रामपुर महोत्सव, कृषि प्रदर्शनी तथा व्यापार मेलामा ८ करोडको कारोबार भएको रामपुर उद्योग वाणिज्य संघले जनाएको छ । त्यस्तै मेलामा दुई लाख दर्शकले मेलाको प्रत्यक्ष अवलोकन गरेको संघले निश्कर्ष निकालेको छ ।

"आर्थिक समृद्धिका लागि उद्योग र व्यापार कालीगण्डकी उपत्यका विकासको आधार" भन्ने नाराका साथ रामपुर उद्योग वाणिज्य संघको आयोजना र रामपुर नगरपालिकाको संरक्षणमा भएको मेलामा पाल्पा, स्याङ्जा, तनहुँ, नवलपुर र नवलपरासी गण्डकी बेशी क्षेत्रका दुई लाख बढी सर्वसाधारणले मेलाको अवलोकन गरेको र मेलाको स्टलमा ८ करोड बढीको कारोबार भएको संघका अध्यक्ष भोजेन्द्र प्रकाश ढकालले बताए ।

महोत्सवका माध्यमबाट आर्थिक चलायमान बनाउने आयोजकले उद्देश्य लिएको र मेला आशा गरेभन्दा बढी उपलब्धि प्राप्त गरेको समीक्षाले निष्कर्ष निकालेको बताउँदै कालीगण्डकी वेशी रामपुर क्षेत्रको पहिचान, स्थानीय उत्पादनको बजारीकरण, कला संस्कृतिको संरक्षण, पर्यटन प्रवर्द्धन एवं उद्योग, व्यापार र पर्यटनको सम्भावनाको उजागर गर्न मेलाले महत्वपूर्ण योगदान दिएको उनले औंल्याए ।

समीक्षा बैठकपश्चात् संघले टिकट बिक्रीबाट ७७ लाख ५९ हजार ३ सय रुपैयाँ टिकट बिक्रीबाट आम्दानी गर्न सफल भएको जनाएको छ ।

संघले मेलामा स्थानीय कृषि उपज, घरेलु तथा कुटीर उद्योग, हस्तकला तथा महिला उद्यमीले उत्पादन गरेका सामग्री, मौलिक खानाका परिकारलाई विशेष प्राथमिकता दिएको थियो ।

माघ १५ देखि २७ गतेसम्म सञ्चालन भएको मेलाको क्रममा भएको आम्दानी र खर्च फागुन ७ गते भित्र पेश गर्न संघले उप-समितिहरुलाई आग्रह गरेको छ । लेखापरीक्षणपश्चात् फागुन १७ गतेसम्म पत्रकार सम्मेलन गरी आम्दानी खर्च सार्वजनिक गर्ने संघले जनाएको छ ।

महोत्सव अवधिभर दैनिक रुपमा मेलामा रमाउन र खरिद बिक्रीका लागि हजारौं दर्शकहरुको घुइँचो लागेको मेलामा बहुराष्ट्रिय कम्पनीका उत्पादन, अटो मोबाइल, प्रतिष्ठित उद्योगबाट उत्पादित सामग्री तथा स्थानीय उत्पादनसहितको चार सय ५८ वटा बिक्री स्टलसहित बालउद्यान, सांस्कृतिक झाँकी प्रदर्शनी, मौलिक खानाका परिकार, घरेलु तथा साना उद्योग एवं महिला उद्यमीबाट उत्पादित वस्तु प्रदर्शनी तथा बिक्री, अण्डर वाटर फिस टनेल, राष्ट्रियस्तरको क्लबहरुको बिच भलिबल प्रतियोगिता,प्रदर्शनी आकर्षणको रुपमा रहेको थियो ।

# मदारबाबा मेला आजदेखि सुरु

नवलपरासी । मुस्लिम र हिन्दुहरु आस्ताको मदार मेला आजदेखि सुरु हुने भएको छ । नवलपरासीको सुस्ता र विनयत्रिवेणी गाउँपालिकामा लाग्ने मदार बाबा मेला फाल्गुण कृष्ण चतुर्थीबाट सुरु भएर महाशिवरात्रिका दिनसम्म चल्नेछ ।

विनयत्रिवेणी गाउँपालिका ६ मा पर्ने मदारबाबा मजार धार्मिक स्थल, हिन्दु–मुस्लिम समुदायको धार्मिक र सांस्कृतिक आस्थाको केन्द्रको रुपमा रहँदै आएको छ । नेपाल र भारत दुवै देशका श्रद्धालु भक्तजनहरू मदार बाबामा पूजा अर्चना गर्न जाने प्रचलन छ । मदारबाबाको पूजा गर्नाले निसन्तान भएकाका लागि सन्तान प्राप्ति हुने र सो स्थानमा भाक्कल गरे सन्तान प्राप्त हुने र आफूले गरेको मनोकामना पूरा हुने, स्वास्थ्य, समृद्धि र सफलता प्राप्त हुने जनविश्वास रहेको छ ।

मदारबाबामा यही फागुन ५ गतेदेखि १४ गतेसम्म प्रत्येक वर्ष लाग्ने गर्दछ । मेला शिवरात्रि सुरु हुन १० दिनअघि प्रारम्भ भई शिवरात्रिको दिन सम्पन्न हुने गर्दछ । मदरबाबा धार्मिक मेलालाई सभ्य, भव्य, अनुशासित, मर्यादित र सामाजिक सद्भावसहित शान्तिपूर्ण रुपमा सम्पन्न गर्न सबै सरोकारवाला पक्षलाई पूर्वी नवलपरासी र पश्चिम नवलपरासीका जिल्ला प्रशासन कार्यालयले आग्रह गरेका छन् । मदारबाबा थानसम्म पुग्न सुस्ता गाउँपालिकाको महलबारीदेखि करिव ९ किलोमिटर पहाडी बाटो जानुपर्दछ । मदारबाबाको थानसम्म पुग्न करिव ३ घण्टा पैदल यात्रा गर्नु पर्छ भने पैदल यात्राको अन्य कुनै विकल्प छैन ।

यस्तै मेला अवधिभर उक्त क्षेत्रमा मदिरा तथा मदिराजन्य पदार्थ उत्पादन ओसारपसार, बिक्री वितरण र सेवन जस्ता कार्य नगर्न दुवै प्रशासन कार्यालयले आग्रह गरेको जिल्ला प्रशासन कार्यालयले जनाएका छन् । प्रशासन कार्यालयहरुले एक सूचना नै जारी गरी नियम विपरीत कार्य गरे गराएको पाइएमा कानुन बमोजिम कारबाही गरिने पूर्वी नवलपरासी र पश्चिमका जिल्ला प्रशासन कार्यालयले जनाएका छन् ।

मदारबाबा दर्शनका लागि भारतको उत्तर प्रदेश र विहारबाट लाखौं श्रद्धालुहरु आउने गर्दछन् भने नवलपरासी, रुपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, नवलपुर र लुम्बिनी प्रदेशका अन्य जिल्लाहरुबाट श्रद्धालु आउने गरेको समितिले जनाएको छ ।

यस वर्ष पनि करिव १० देखि १५ लाख श्रद्धालुहरुले मदारबाबा दर्शन र मेलामा सहभागी हुने बताइएको छ । १० दिनसम्म लाग्ने मेलाको तयारी पूरा भएको समितिले जनाएको छ । मेलामा प्रायः कुखुराका भाले चढाउने गरिन्छ । हजारौ वर्ष अगाडि मदार साहेबले उक्त स्थानमा ४० दिनसम्म साधना गरेको भनाइ रहेको छ । ४ सय ४२ हिजरी संवतमामदार साहेबका पितासैयद अली र माता फातमा उक्त स्थानमा बस्ने गरेको इतिहास रहेको छ । नवलपरासी एउटै जिल्ला हुँदा मदार थान नवलपरासी पश्चिमको कडिया गाउँपालिकामा पर्ने भएको भए पनि देशमा संघीय शासन व्यवस्थापछि नवलपरासी पश्चिम र पूर्वमा पर्ने गर्दछ । मदार बाबाको थान जान अहिले सुस्ता गाउँपालिकाको महलबारीबाट जाने गरिन्छ ।

प्रजातन्त्रको सम्मान गरौं

- राज्य शक्तिको स्रोत जनता हुन्,
- निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो,
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारस्तम्भ हो,
- नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्,
- प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ ।
- कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो, शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं ।
- सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं ।
- सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं,

**प्रजातन्त्रको सम्मान गरौं, प्रजातान्त्रिक संस्कृतिको सम्वर्द्धन गरौं ।**

नेपाल सरकार विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com